नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

# कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

हरिहरभवन, ललितपुर

## हार्दिक आमन्त्रण

व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकाससँगै वेमौसमी खेती प्रविधि अवलम्बन, उन्नत तथा वर्णशंकर जातहरुको बीउ विजन एवं कृषि रसायनहरुको प्रयोगमा बृद्धि हुँदै गएको छ । बढ्दो रासायनिक मल तथा विषादीको प्रयोगले पर्यावरण र मानिसको स्वास्थ्यमा नकारात्मक असर पर्न गएको छ । स्थानीय रुपमै पाईने गोबरमल, कम्पोष्ट मल, जैविक विषादि तथा खेती प्रद्धतिको प्रवर्द्धन गर्दै रासायनिक उत्पादन सामग्रीको प्रयोगलाई कम गर्नु पर्ने देखिन्छ । त्यसैले, प्राङ्गारिक कृषि प्रणालीमा कृषकहरुलाई आकर्षित गर्नु र उपभोक्ता वर्गमा स्वस्थकर प्राङ्गारिक कृषि उपजहरुको उपभोग गर्ने बानीको विकास गर्नु आजको आवश्यकता रहेको छ ।

**"प्राङ्गारिक कृषि पद्धती अपनाऔं, माटो र जीवन बचाऔं"**

मूल नाराका साथ २०७५ फाल्गुण १६ गते देखि १९ गते सम्म ललितपुर जिल्लाको जावलाखेल फुटवल मैदानमा सञ्चालन हुने **बाह्रौं राष्ट्रिय प्राङ्गगारिक कृषि मेला-२०७५** मा उपस्थित भई आफ्ना प्राङ्गारिक कृषि उपज, कृषि सामग्री, प्रविधि प्रदर्शन गर्न, अवलोकन गर्न तथा जानकारी लिनु हुन सम्पुर्ण कृषक, उद्यमी, व्यवसायी, प्रवर्द्धक, सेवा प्रदायक, कम्पनी, एग्रोभेट, कृषक समुह, सहकारी, संघ संस्था र महिला तथा सज्जनबृन्दमा हार्दिक अनुरोध गर्दछौ ।

**बाह्रौं राष्ट्रिय प्राङ्गगारिक कृषि मेला-२०७५ मा सहभागी बनौ, अवलोकन गरौ, प्राङ्गगारिक कृषि सम्बन्धी जानकारी लिई उत्पादन बृद्धि गरौं, देशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै निर्यात प्रवर्द्धनमा सहयोग गरौं ।**

**मेला प्रदर्शनीको आकर्षणहरु**

- देशको विभिन्न भागमा उत्पादित प्राङ्गारिक कृषि उपजहरुको प्रदर्शन एवं प्रतियोगिता ।
- प्राङ्गारिक कृषि वस्तुहरुको खरिद विक्री एवं व्यवसायिक बैठक ।
- प्राङ्गारिक खेती प्रविधि प्रदर्शन ।
- प्राङ्गारिक कृषि सम्बन्धी साँस्कृतिक कार्यक्रम तथा अन्तरक्रिया गोष्ठी ।
- परिकार महोत्सव

**सुविधाहरु**

- निशुल्क प्रवेश ।
- निःशुल्क स्टल उपलब्ध ।
- सुरक्षाको उचित प्रवन्ध ।
- उत्कृष्ट प्राङ्गारिक उत्पादनलाई पुरस्कारको व्यवस्था ।
- सहभागिताको प्रमाणपत्रको व्यवस्था ।

**मेला प्रदर्शनी विवरण**

अवधि:२०७५ फाल्गुण १६ देखि १९ सम्म (तद्अनुसार २९ फेब्रुवरी देखि ३ मार्च २०१९) ।

स्थल: जावलाखेल फुटबल मैदान, ललितपुर ।

अवलोकन समय: विहान १० बजे देखि साँझ ५ बजेसम्म ।

**सहभागिता एवम् स्टल बुकिङ्ग सम्बन्धी विवरण स्टल आवेदन फाराममा उल्लेख गरिएको छ ।**